# सामुदायिक विद्यालयको एस.एल.सी. परीक्षामा गणित विषयको परिणाम  एक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत

पाठ्यक्रम तथा मूल्याङ्कन विषय एम.एड्

दोस्रो वर्ष (५९८) को प्रयोजनको

लागि प्रस्तुत प्रतिवेदन

शोध पत्र

प्रस्तुतकर्ता

सुरतलाल मोची

क्याम्पस रोल नं.: ५५/२०६४/६५

परीक्षा रोल नं : २१८०१५८ /२०६६

त्रि.वि.द.नं. :९-२-२१४-६६८-२०००

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

२०७३

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीको स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि सुरतलाल मोचीले **सामुदायिक विद्यालयको एस.एल.सी.परीक्षामा गणित विषयको परिणाम एक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................
टोलनाथ काफ्ले
शोध निर्देशक

मिति : २०७३/११/१५

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीको स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि सुरतलाल मोचीले **सामुदायिक विद्यालयको एस.एल.सी.परीक्षमा गणित विषयको परिणाम एक अध्ययन** शीर्षकमा तयार पार्नु भएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | टोलनाथ काफ्ले | कार्यक्रम संयोजक, स्नातकोत्तर तह | ................ |
| २ | टोलनाथ काफ्ले | शोध निर्देशक | ................. |
| ३ | ......................... | सदस्य शोध समिति | ................. |
| ४ | ......................... | वाह्य परीक्षक | ................. |

मिति : ८ अप्रिल, २०१७

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तरगत पाठ्यक्रम तथा मूल्याङ्कन विषयमा स्नातकोत्तर तह (एम.एड.)उपाधिको आंशिक आवश्यकता पूरा गर्नका लागि **सामुदायिक विद्यालयको एस.एल.सी.परीक्षामा गणित विषयको परिणाम एक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरी प्रस्तुत गरिएको छ । शोध प्रस्तावना स्वीकृत गरी शोधपत्र तयारीको क्रममा प्रारम्भदेखि अन्तिम लेखनसम्म निरन्तर रुपमा निर्देशन, सुझाव , सल्लाह र प्रोत्साहन गर्नु हुने साथै शोध निर्देशक टोलनाथ काफ्ले प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

एम.एड. उपाधिको सम्पूर्ण कार्य सम्पन्न गर्ने अवसर प्रदान गरेकोमा जनता वहुमुखी क्याम्पससँग सम्वद्ध निकायहरू तथा विभागहरू प्रति आभार प्रकट गर्दछु । यस अध्ययनलाई सफल बनाउन समय-समयमा रचनात्मक सहयोग, अमूल्य सुझाव र मार्ग निर्देशन गरी दिनुहुने, उप प्राध्यापकहरू श्री शन्तिराम दाहाल, श्रीराजन शर्मा प्रति आभारी छु ।

अनुसन्धानको सूचना सङ्कलनमा सहयोग पुऱ्याउनु हुने भा.सी., इटहरी र बलाहास्रोत केन्द्र अन्तरगतका माध्यमिक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी, प्राचार्य/प्रधानाध्यपक, शिक्षक,कर्मचारी, विद्यार्थी साथै स्रोत व्यक्ति प्रति आभार प्रकट गर्दछु । यसै गरी अध्ययनको क्रममा हौसला र प्रेरणा प्रदान गर्दै छलफलमा सहयोग पुऱ्याउने साथीहरू सितल चौधरी, सियाराम चौधरी र लालु चौधरीप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । अन्त्यमा शोधपत्रलाई मूर्तरुप दिन कम्प्युटर टाइप गरी सहयोग गर्नु हुने श्री अर्जुन कुमार चौधरी र भाषा सम्पादन गर्नु हुने शिक्षक साथी श्री टीकाराम दाहाल लगायत प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नु हुने सम्पूर्ण माहानुभावहरुलाई  हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सुरतलाल मोची

# शोधसार

सामुदायिक विद्यालयको एस.एल.सी.परीक्षामा गणित विषयको परिणाम एक अध्ययन शीर्षक अन्तर्गत गरिएको यस शोध कार्यको मुख्य उद्देश्य : सामुदायिक विद्यालयको एस.एल.सी.परीक्षामा गणित विषयको समस्या र समाधानको उपाय रहेको छ। यस अध्ययनको परिसीमा मा सुनसरी जिल्लाको भा.सी.,इटहरी,र बालाहा स्रोतकेन्द्र भित्र सञ्चालित ५ वटा सामुदायिक विद्यालयमा शैक्षिक बर्ष २०६९, २०७० र २०७१ सालको एस.एल.सी. परीक्षा परिणाममा मात्र सीमित गरिएको छ । सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैध्दान्तिक खाकामा सेरिड,प्याजे आदिको लेखलाई समेटिएका छन् ।

यस अनुसन्धान कार्यमा परिमाणात्मक र गुणात्मक दुवै विधिको प्रयोग गरिएको छ। तथ्याङ्कको सङ्कलनका लागि प्रश्नावली, स्थलगत अध्ययन अवलोकन फारम,लक्षितसमूह छलफल निर्देशिका र अन्तर्वार्ता जस्ता साधनको प्रयोग गरिएको छ। जनसङ्ख्या छनोटका लागि ५ ओटा सामुदायिक विद्यालयका, ५ जना प्रधानाध्यापक/प्राचार्य, ५ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, ५जना गणित शिक्षक र कक्षा १० का ४/४जनाको दरले जम्मा २० जना विद्यार्थी र १ जना स्रोत व्यक्ति गरी कुल जम्मा ३६ जनालाई तथ्याङ्कको स्रोतका रुपमा प्रयोग गरिएको छ। तथ्याङ्कको स्रोतको रुपमा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ। तथ्याङ्क विश्लेषण गरी तालिका र प्रतिशतमा प्रस्तुत गरिएको छ। यो अध्ययन पूरा गर्ने क्रममा उद्देश्यमुलक छनोट विधिको प्रयोग गरिएको छ।

छनौटमा परेका विद्यालयहरुको गणित विषयको परिणाम औषत रुपमा २३% र सिकाइउपलब्धि १८.०६ रहेकोले परिणाम ज्यादै न्यून देखिन्छ । गणित विषयमा देखिएका प्रमुख समस्याहरुमा विद्यार्थीहरुको अनियमित उपस्थिति, पूर्वज्ञानको कमी, शिक्षण सामग्रीको अभाव,अभ्यासको कमी रहेका छन् । समस्या समाधानका उपायहरुमा विद्यार्थीहरु नियमित उपस्थिति हुने वातावरण बनाउनुपर्ने, पूर्वज्ञान बढाउनमा जोड दिनुपर्ने, शिक्षण सामग्रीको व्यवस्था हुनुपर्ने, पटक-पटक अभ्यासमा जोड दिनुपर्ने आदि रहेका छन् । मुख्य प्राप्तिहरुमा विद्यालयले अनियमित उपस्थिति रोक्न कुनै ठोस पहल नगरेको, आवश्यक र उपयुक्त शिक्षण समग्रीको व्यवस्था नगरेको, पूर्वज्ञान बढाउनमा जोड नगरेको, गणित विषयको सिकाइ उपलब्धि ज्यादै न्यून रहेको, अभिभावकहरुको पढाइ प्रतिको अभिरुचि कम रहेको

देखिन्छ । निष्कर्षमा अनियमित उपस्थिति, शिक्षण समग्रीको अभाव, पूर्वज्ञानको कमीले गर्दा योजना अनुसार काम नभई गणित विषयको परिणाम एवं सिकाइ उपलब्धि ज्यादै न्यून देखिन्छ । प्रमुख सुझावहरुमा नीतिगत तहले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ सामग्री पर्याप्त मात्रामा सवै विद्यालयमा उपलब्ध गराई गणित शिक्षकहरुका लागि अभिमुखीकरण कार्यक्रमहरु र गोष्ठिहरु सञ्चालन गर्नुपर्ने देखिन्छ, पूर्वज्ञानलाइ ध्यान दिदै योजनाका साथ शिक्षण गर्नुपर्ने देखिन्छ, गणित विषयको अन्य तहमा पनि अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

# विषयसूची


| विषय | पृष्ठ |
|---|---|
| स्वीकृति पत्र | i |
| सिफारिस पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| शोधसार | iv |
| विषय सूची | vii |
| तालिका सूची | ix |
| **परिच्छेद : एक** | |
| **परिचय** | १-९ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्न | ९ |
| १.६ अध्ययनको परीसिमा | ९ |
| **परिच्छेद : दुई** | |
| **सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा** | **१०-१५** |
| २ १ अध्ययनको सैद्धान्तिक ढाँचा | १० |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | १२ |
| २.३ पुनरावलोकनको उपादेयता | १५ |
| **परिच्छेद : तीन** | |
| **अध्ययन विधि** | **१६-१९** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १६ |
| ३.२ जनसङ्ख्या | १६ |
| ३.३ नमूनाको आकार | १६ |
| ३.४ नमूना छनोट विधि | १७ |

३.५ नमूना छनौटको आधार १७

३.६ तथ्याङ्क सङ्कलनका साधनाहरु १७

३.७ साधनको वैधता १८

३.८ तथ्याङ्कको स्रोत १८

३.९ तथ्याङ्क संकलन विधि १९

३.१० तथ्याङ्क विश्लेषण विधि १९

**परिच्छेद : चार**

**तथ्याङ्कको विश्लेषण र व्याख्या २०-३४**

४.१ एस.एल.सी परीक्षामा गणित विषयको परिणामको अवस्था २०

४.१.१ २०६९ सालको एस.एल.सी परीक्षा परिणम २१

४.१.२ २०७० सालको एस.एल.सी परीक्षा परिणम २२

४.१.३ २०७१सालको एस.एल.सी परीक्षा परिणम २४

४.२ एस.एल.सी परीक्षामा गणित विषयको सिकाइ उपलब्धी विवरण २७

४.३ गणित विषयको एस.एल.सी परीक्षा परिणामको प्रकृया २९

४.३.१ गणित विषय प्रति विद्यार्थीको चासो ३०

४.३.२ शिक्षण विधिहरुको प्रयोग ३०

४.४ गणित विषयमा देखिएका समस्याहरु ३१

४.५ गणित विषयमा देखिएका समस्याहरु समाधानका उपायहरु ३२

४.६ लक्षित समूह छलफलबाट आएका सूचनाको विश्लेषण ३३

**परिच्छेद : पाँच**

**प्राप्ति, निष्कर्ष र सुझावहरु ३५-३९**

५.१ प्राप्ति ३५

५.२ निष्कर्ष ३६

५.३ सुझावहरु ३७

सन्दर्भ सूचीहरु

अनुसूचीहरु

# तालिका सूची


| विषय | पृष्ठ |
|---|---|
| तालिका नं. -१ | २१ |
| चित्र नं. -१ | २२ |
| तालिका नं. -२ | २२ |
| चित्र नं. -२ | २४ |
| तालिका नं.-३ | २४ |
| चित्र नं.-३ | २६ |
| तालिका नं.-४ | २६ |
| चित्र नं.-४ | २७ |
| तालिका नं.-५ | २७ |